नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४

प्रधान कार्यालय
सामान्य सेवा विभाग

**नेपाल बैंक लिमिटेडको प्रधान कार्यालय, पाल्पा शाखा, चन्द्रनिगाहपुर शाखामा सिभिल र इलेक्ट्रिकल कार्य गर्नको लागी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकशित मिति २०७६/०८/०९)**

नेपाल बैंक लिमिटेडको प्रधान कार्यालय भवन नं ३ स्थित तेस्रो तलामा रहेको अपरेशन विभागको लागि सिभिल तथा AC सहितको इलेक्ट्रिकल र नेटवर्किङ्ग कार्य गर्न, पाल्पा जिल्ला स्थित हाल पाल्पा शाखा संचालन भईरहेको कार्यालय भवनमा ले-आउट परिर्वतन गरि मर्मत संभार आदि निर्माण कार्यको साथै सिभिल तथा AC, CCTV सहितको इलेक्ट्रिकल र नेटवर्किङ्ग कार्य गर्न र रौतहट जिल्ला स्थित चन्द्रनिगाहपुर शाखाको स्वामित्वमा रहेको कार्यालय भवनमा रिनोभेसन कार्यको लागी सिभिल तथा AC सहितको इलेक्ट्रिकल र नेटवर्किङ्ग कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। प्रधान कार्यालयको लागि भूगोलपार्क, काठमाण्डौ स्थित यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००01 मा, पाल्पा शाखाको लागि पाल्पा शाखामा, चन्द्रनिगाहपुर शाखाको लागि चन्द्रनिगाहपुर शाखामा रु.१,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालयको लागी प्रधान कार्यालय, सामान्य सेवा विभागबाट, पाल्पा शाखाको लागि पाल्पा शाखाबाट, चन्द्रनिगाहपुर शाखाको लागि चन्द्रनिगाहपुर शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। सो सम्वन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा र पाल्पा शाखाको लागि पाल्पा शाखामा, चन्द्रनिगाहपुर शाखाको लागि चन्द्रनिगाहपुर शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

**तपसिल**

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित धरौटी वापत यस बैंकको प्रधान कार्यालयको लागि भूगोलपार्क, काठमाण्डौ स्थित काठमाडौ बैंकिङ्ग अफिसको लागि खाता नं ००२००१०६७११२८००००००१मा र पाल्पा शाखाको लागि पाल्पा शाखामा, चन्द्रनिगाहपुर शाखाको लागि चन्द्रनिगाहपुर शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको अन्य 'क' वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ। दरभाउपत्र को मान्य अवधि दरभाउपत्र बुझाउने अन्तीम मितिले ४५ दिनको हुनेछ।

२) दरभाउपत्र दाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अधिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलव्ध गराएको दरभाउपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ। दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ।
दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/०८/२३ गते सोमवार कार्यालय समय भित्र।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७६/०८/२४ गते मंगलवार बिहान ११:०० बजे भित्र।
दरभाउपत्र दाखिला गर्ने स्थान :- यस बैंकको प्रधान कार्यालयको लागि प्रधान कार्यालय सामान्य सेवा विभागमा, पाल्पा शाखाको लागि पाल्पा शाखामा र चन्द्रनिगाहपुर शाखाको लागि चन्द्रनिगाहपुर शाखामा दरभाउपत्र दाखिला गर्नु पर्नेछ।

६) थप विवरण :-

| कार्यालय/ शाखा | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | दरभाउपत्र धरौटी वापत रकम | दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान | दरभाउपत्र खोल्ने मिति, स्थान र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कुल जम्मा रकम |
|---|---|---|---|---|---|
| **प्रधान कार्यालय** | १२ दिन | रु.२१,०००/- (अक्षरेपी एक्काईस हजार मात्र), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग। | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग। २०७६/०८/२४ गते मंगलवार दिउसो १२:३० बजे। | रु.८,३९,९५०/२० (अक्षरेपी आठ लाख उन्तीस हजार नौ सय पचास र पैसा बिस मात्र। |

| | | | | | |
|---|---|---|---|---|---|
| **पाल्पा** | ३० दिन | रु.२८,०००/- (अक्षरेपी अट्ठाईस हजार मात्र), | ने.बै.लि. पाल्पा शाखा । | ने.बै.लि. पाल्पा शाखा २०७६/०८/२४ गते मंगलवार दिउसो १२:३० बजे ॥ | रु.११,०१,७४७/०८ (अक्षरेपी एघार लाख एक हजार सात सय सडचालिस र पैसा आठ मात्र ।) |
| **चन्द्रनिगाहपुर** | ३० दिन | रु.४४,०००/- (अक्षरेपी चवालिस हजार मात्र) | ने.बै.लि. चन्द्रनिगाहपुर शाखा । | ने.बै.लि. चन्द्रनिगाहपुर शाखा । २०७६/०८/२४ गते मंगलवार दिउसो १२:३० बजे । | रु. १७,३८,९२७/३२ ( अक्षरेपी सत्र लाख अडतिस हजार नौ सय सत्ताईस र पैसा बत्तिस मात्र ।) |

**नोट : दरभाउपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट दरभाउपत्र खोलिनेछ । यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ ।**